ISSN: 2594-3421 (Print), 2773-8191 (Online)

# BMC JOURNAL
## OF SCIENTIFIC RESEARCH

A Multidisciplinary Peer Reviewed Research Journal

Volume 6 December 2023

**Published by:**
**Research Management Cell**
Birendra Multiple Campus
Bharatpur, Chitwan, Nepal

**Research Management Cell**

| | | |
|---|---|---|
| Prof. Dr. Sita Ram Bahadur Thapa | - | Coordinator |
| Prof. Dr. Harihar Paudyal | - | Member |
| Prof. Arun Kumar Shrestha | - | Member |
| Prof. Dr. Krishna Prasad Paudyal | - | Member |
| Assoc. Prof. Dr. Dhaneshwar Bhattarai | - | Member |
| Assoc. Prof. Dr. Manoj Kumar Lal Das | - | Member |
| Assoc. Prof. Dr. Krishna Prasad Sapkota | - | Member |
| Assoc. Prof. Dr. Ek Narayan Paudyal | - | Member |
| Assoc. Prof. Dr. Ganga Raj Pokhrel | - | Member |

**Publisher:**
**Research Management Cell**
Birendra Multiple Campus, Bharatpur, Chitwan, Nepal
E-mail: rmcbirendra@gmail.com

Copyright © 2023:
**Research Management Cell**
Birendra Multiple Campus, Bharatpur, Chitwan, Nepal

**ISSN: 2594-3421 (Print), 2773-8191 (Online)**

Reproduction of this publication for resale or other commercial purpose is prohibited without prior written permission of the copyright holder.

Printed in **Siddhababa Offset Press**, Bharatpur, Chitwan, Nepal, Contact: 9855050040

**Price :** 200/-

# Contents


1. **Quality of Life Among Elderly People in Chitwan District, Nepal** 1-15
Jiwan Kumar Poudyal, Dhanendra Veer Shakya, Sumitra Parajuli, Govinda Prasad Dhungana

2. **Theoretical Investigation of the Thermodynamic Properties of Lead-free Ternary Alloys Sn-Sb-Bi and their Subsystems** 16-30
Sanjay Kumar Sah, Indu Shekhar Jha, Ishwar Koirala

3. **Surface Tension of Liquids (Water, Chloroform and Acetone) by Capillary Rise Method** 31-36
Dipak Raj Adhikari, Tek Bahadur Budha, Anup Basnet, Shesh Kant Adhikari, Shiva Pd. Baral

4. **Study of Fiber Yielding Plants of Devchuli Municipality Ward no.13, Nawalparasi** 37-45
Pooja Pokharel and Manoj Kumar Lal Das

5. **Study of Quality and Damping Factor at First and Second Resonance of Closed Organ Pipe** 46-54
S.K. Adhikari

6. **Ethnobotanical and Phytochemical Study of *Houttuynia cordata* Thunb: A Review** 55-62
Hari Devi Sharma, Janardan Lamichhane, Smriti Gurung and Balkumari Oliya

7. **Impact of Mandatory Corporate Social Responsibility on Beneficiary Institutions Satisfaction in Nepal** 63-72
Sudip Wagle

8. **University Students' Knowledge and Attitudes about Plagiarism: A Web-Based Cross-Sectional Study** 73-81
Hari Prasad Upadhyay, Bijay Lal Pradhan, Prativa Sedain

9. **Social Biases and Equity Investment Decisions of Individual Investors: Behavior Finance Perspective** 82-96
Mohan Prasad Sapkota, Shiva Bhandari

10. **Customers' Trust in E-payment : The Influence of Security and Privacy** 97-112
Omkar Poudel1, Pradeep Acharya and Daya Simkhada

11. **ARIMA and Exponential Smoothing Model to Forecast Average Annual Precipitation in Bharatpur, Nepal** 113-125
Sarad Chandra Kafle, Ekta Hooda

12. **Impact of Intellectual Capital on Firms' Performance: With Perspective of Commercial Banks in Chitwan** 126-135
Udaya Kumar Shrestha

| | | |
|---|---|---|
| **13.** | **Impact of GDP and Inflation on Stock Market in India: A Case Study of BSE Index**<br>Satyendra Kushwaha, Sarad Chandra Kafle, Baburam Khanal | 136-148 |
| **14.** | **Awareness of People on Functions of Local Government in Nepal**<br>Lila Prasad Limbu | 149-161 |
| **15.** | **Gender Based Knowledge on the Reservation System in Nepal**<br>Purnima Shrestha | 162-171 |
| **16.** | **'परमानन्द' महाकाव्यमा छन्दविधान**<br>दामोदर रिजाल | 172-179 |
| **17.** | **योद्धा उपन्यासमा वर्गपक्षधरता**<br>प्रभा मरहट्ठा कोइराला | 180-191 |
| **18.** | **विश्वेश्वरप्रसाद कोइरालाको 'सान्नानी' कथामा प्रजाति**<br>राजेन्द्र गिरी | 192-200 |

BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Peer Reviewed Research Journal*
ISSN: 2594-3421 (Print), 2773-8191 (Online)

# ‘परमानन्द’ महाकाव्यमा छन्दविधान

**दामोदर रिजाल**
त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर
E-mail: drijal2011.dr@gmail.com
*Received: July 26, 2023, Accepted: Nov. 1, 2023*

**सारसङ्क्षेप**

*कवि हिरालाल कँडेल ‘परमानन्द’ महाकाव्यका रचयिता हुन् । यो काव्यकृति पूर्वीय छन्दशास्त्रीय मान्यताअनुरूप लेखिएको छ। पूर्वीय, पाश्चात्य र नेपाली समालोचकहरूले छन्दलाई काव्यको उपकरण मानेको देखिन्छ। लौकिक र वैदिक गरी दुई वर्गमा विभाजित यसको लौकिकवर्गअन्तर्गत वृत्त र जातिजस्ता दुई भेद देखाइएका छन्। अक्षरको गणना हुने भएकाले वार्णिक र वर्णमात्रिक छन्दहरू वृत्तवर्गअन्तर्गत र ह्रस्वलाई एक अनि दीर्घलाई दुई मात्रामा गणना गरिने भएकाले मात्रिक छन्दहरू सबै लाई जातिवृत्तभित्र राखिएको छ। नेपालका समाजसुधारक र वीतरागी सज्जनपुरुष परमानन्द गुरुको चरित्राङ्कनका साथै उनका समाजरूपान्तरणसम्बन्धी अनेक सत्कर्मलाई यस महाकाव्यको कथावस्तुमा ठाउँ दिइएको छ। सत्ताइस सर्गको विस्तृत संरचनात्मक आयाम पाएको यस महाकाव्यमा चौधवटा बहुप्रचलित शास्त्रीय वार्णिक छन्दहरू प्रयोग भएका छन् । आचार्य पिङ्गलद्वारा रचित ‘छन्दसूत्र’नामक लक्षणग्रन्थ र त्यसका आधारमा विकसित गणसूत्र, गति, यति, लय, अक्षरसङ्ख्या र सम, अर्धसम तथा विषमवृत्तका शास्त्रीय मान्यतामा आधारित भई ‘परमानन्द’ महाकाव्यमा प्रयुक्त सबै छन्दहरूको यस शोधलेखमा विश्लेषण–परीक्षण गरिएको छ। विश्लेषणका क्रममा मुख्यतया यस काव्यका पद्यपङ्क्तिहरूमा गति, यतिको अवस्था र अक्षर भङ्गता खोजी गर्ने चेष्टा भएको छ। छन्दमिलानका लागि प्रचलित वर्णविन्यास व्यवस्थामाथिको अपचलन र यसप्रकारका दो षसमष्टिबाट छन्दोभङ्ग हुँदा भावास्वादनमा उत्पन्न जटिलता सङ्केत गर्न महाकाव्यीय पद्यपङ्क्तिलाई साक्ष्यका रूपमा अगाडि सारिएको छ। छन्दप्रयोगमा युक्तियुक्तता ठम्याउने उद्देश्यबाट गरिएको यस अध्ययनलाई समस्याकेन्द्री बनाइएको छ।*
***शब्दकुञ्जी*** *: काव्यतत्त्व, गणसूत्र, गेयात्मकता, छन्दप्रयोग, प्रबन्धन।*

## १. विषयपरिचय

सनातन वैदिक धर्मसंस्कृतिको पुनर्जागरण, वर्तमान नेपाली समाजमा संस्कार तथा आचरणसम्बन्धी व्यवहारतः प्रशिक्षण गर्दै नेपाली भक्तिसङ्गीतका क्षेत्रमा गायन, लेखन र प्रकाशनका माध्यमबाट प्रसिद्ध भइसकेका कवि हिरालाल कँडेल (२०२३) पछिल्ला समयमा महाकाव्यरचनामा सक्रिय रहेका छन् । यिनका *परमानन्द* (२०७९), *नरहरिनाथ* (२०७९) जस्ता दुईवटा महाकाव्य प्रकाशित छन्, *प्रश्नोत्तरी* महाकाव्य प्रकाशोन्मुख अवस्थामा छ।

गीतकार तथा कवि कँडेलको *परमानन्द* पहिलो महाकाव्यरचना हो। धार्मिक-सांस्कृतिक गतिविधिका सहाराबाट समाजलाई एकताबद्ध, सुसंस्कृत र चेतनायुक्त बनाइराख्न योगदान पुऱ्याएका नेपाली सन्तसमाजका अग्रणी व्यक्तित्व आबाल ब्रह्मचारी परमानन्द गुरुका व्यक्तिचरित्रहरूका विभिन्न पाटाहरूसँग अन्तर्सम्बन्धित घटनालाई मुख्य विषयवस्तु बनाइएको यो कृति चरि त्रप्रधान महाकाव्यका रूपमा देखापरेको छ। सामाजिक पुनर्जागरण, धार्मिक अभ्युत्थान र मनोवृत्तिगत रूपान्तरणमा आजीवन लागिपरेका गुरुको शैशवावस्था, बाल्यकाल र किशोरवयका जीवनवैभवलाई शृङ्खलात्मकरूपमा उपस्थापन गरिएको यस महाकाव्यका सत्ताइस सर्गहरूमा गुरुका जीवनप्रसङ्ग, सत्कर्म र पुण्यव्यवहारलाई व्यवस्थापन गरिएको छ । बलिप्रथामा अभ्यस्त नेपाली समाजलाई अहिंसात्मक आन्दोलनमा सहभागी र सङ्गठित बनाउन, देशका अनेक स्थानमा गुरुकुलहरू स्थापना तथा सञ्चालन गरी पूर्वीय वाङ्मयको संरक्षण एवम् विस्तार गर्न अनि मनुष्यहरूको दुषित मनोवृत्तिहरूलाई उपदेश र सद्व्यवहारबाट सदाचारी तथा सहिष्णु तुल्याउन गुरुबाट सम्पन्न भएका विविध अनुकरणीय कर्महरूको वर्णन र चित्रण गरि एको छ। दूरदर्शी, कर्मठ, त्यागी एवम् सघन भक्तिभावका धनी गुरुको वैभवपूर्ण कृत्यलाई सविस्तार अभिव्यक्ति दिइएको यस महाकाव्यमा शास्त्रीय छन्दको प्रयोग भएको देखिन्छ। थालनीमा मङ्गलाचरणको प्रयोग, सर्गान्तमा छन्दपरिवर्तन, तत्कालीन नेपाली समाजमा ख्यातिप्राप्त गुरुको धीरोदात्त चरित्रवर्णन भएको यो महाकाव्य पूर्वीय महाकाव्यमान्यतालाई अङ्गीकार गरी

रचिएको छ। देशीय प्रकृतिचित्रण, अशिक्षाका कारण क्षयोन्मुख नेपाली समाज र जनमानसको समाजमनोविज्ञानलाई स्पष्ट पार्ने यस महाकाव्यमा मूलतः ईश्वरीय चिन्तनमा विश्वस्त, वीतरागी, ऊर्जाशील स्वभाव र नेतृत्वक्षमताका धनी परमानन्द गुरुको प्रादुर्भावदेखि शिवत्वप्राप्तिसम्मका मुख्य चारित्रिक सन्दर्भलाई काव्यिक संयोजन गरिएको छ। यस शोधलेखमा यही *परमानन्द* महाकाव्यमा प्रयुक्त छन्दविधानलाई पूर्वीय छन्दशास्त्रीय मान्यताका पक्षबाट मूल्याङ्कन गरी प्राप्त निष्कर्षलाई सत्यापन गर्ने प्रयास गरिएको छ।

**२. अध्ययनको समस्या**

*परमानन्द* महाकाव्य संस्कृत छन्दशास्त्रका विधिविधानलाई अनुसरण गरी रचिएको कृति हो। महाकाव्यकारले यस कृतिमा के कस्ता शास्त्रीय छन्दहरू प्रयोग गरेका छन् भन्ने मुख्य समस्यामा यो शोधलेख केन्द्रित रहेको छ र त्यस सन्दर्भमा छन्दोभङ्गको स्थिति तथा छन्दमिलानसम्बन्धी अतिरिक्त मेहनतलाई पनि मुख्य समस्याकै अङ्गका रूपमा स्वीकार गरिएको छ।

**३. अध्ययनको उद्देश्य**

कवि हिरालाल कँडेलद्वारा विरचित *परमानन्द* महाकाव्यमा छन्दविधानको यथातथ्य परिस्थितिलाई निरूपण गर्नु यस शोधलेखको मूलभूत उद्देश्य हो। महाकाव्यमा रहेका छन्ददोष र छन्दमिलानका लागि गरिएका अतिरिक्त प्रयासको खोलुवा गर्नु पनि उद्देश्यसित जोडिएका कार्य हुन्।

**४. अध्ययनविधि**

यस शोधलेखमा पुस्तकालयीय अध्ययनकार्यबाट प्राप्त सामग्रीलाई उपयोग गरिएको छ। कवि हिरालाल कँडेलद्वारा रचित *परमानन्द* महाकाव्यलाई प्राथमिक सामग्री र त्यस काव्यमा प्रयुक्त विभिन्न छन्दको वर्णन तथा विश्लेषणका लागि पूर्वीय छन्दशास्त्र एवम् महाकाव्यसँग सम्बद्ध सैद्धान्तिक कृति, शोधप्रबन्ध, लेख-रचनाजस्ता विविध पूर्वकार्यलाई द्वितीयक सामग्री बनाइएको छ। वर्णनात्मक, पाठपरक र विश्लेषणात्मक विधिको प्रयोग भएको यस शोधलेखको प्रस्तुतीकरणमा एपिए पद्धति प्रयोग भएको छ।

**५. सैद्धान्तिक आधार**

कविताविधाको बृहद् रूप नै महाकाव्य हो। यसमा सुसङ्गठित प्रबन्धविधान, उदात्त चरित्राङ्कन र संरचनात्मक विस्तृति रहेको हुन्छ। यस अर्थमा आख्यानयुक्त विशालतम कवितारचनालाई महाकाव्य भन्न सकिन्छ। पूर्वीय तथा पाश्चात्य काव्यसमालोचनामा यसका आ-आफ्नै रचनाविधान निर्माण भएका छन्। पूर्वीय कार्यमान्यताका अनुसार महाकाव्य विशिष्ट शिल्पविधानको प्रतिफलका रूपमा संरचित हुन्छ (चापागाइँ तथा सुवेदी, २०५२, पृ. ७)। यसमा एकातिर कथावस्तुलाई सर्गबद्धतामा सम्बद्ध गरिएको हुन्छ र अर्कातिर अभिव्यक्तिकौशलका लागि अलङ्कार, रीति, गुण, वक्रोक्तिका साथै रस, ध्वनि, औचित्यजस्ता पक्षमा ध्यान पुऱ्याइएको हुन्छ। महाकाव्यमा छन्दोबद्धता वा लयात्मकतालाई पूर्व र पश्चिम दुवैतर्फ मान्यता प्राप्त भएकाले छन्द महत्त्वपूर्ण काव्यतत्त्व हो भन्ने कुरा स्पष्ट छ त्यसैले *परमानन्द* महाकाव्यको विश्लेषणका लागि छन्दविधानलाई मुख्य पक्ष बनाई यसमा प्रयुक्त चौधवटा छन्दलाई उदाहरणका रूपमा लिइएको छ।

निश्चित वर्ण र मात्राहरूमा आधारित गेयव्यवस्थालाई छन्द भनिन्छ। यसलाई कविता-काव्यमा लयात्मक सौन्दर्य निर्माण गर्ने प्रमुख तत्त्वका रूपमा ग्रहण गर्नु उपयुक्त हुन्छ। मनका भावहरू लयपूर्ण ढङ्गमा गाउने आदिम मानवीय प्रवृत्तिसँग छन्दउत्पत्तिको इतिहास सम्बन्धित छ। विद्वान्हरूका अभिमतमा आन्तरिक भावावेगसँग लय र त्यसलाई नियमबद्ध तुल्याउने शास्त्रीय मान्यतासँग छन्दको नाता जोडिएको हुन्छ। लयबिनाको छन्द बेतुकको हुन्छ र लयात्मकता नै छन्दको सर्वस्व हो त्यसैले लयलाई छन्दको प्राणतत्त्व/जीवनतत्त्व भनिएको छ (अधिकारी, २०३१, पृ. ११६)। छन्दको प्रत्यक्ष सम्बन्ध सङ्गीतसँग हुन्छ। सङ्गीतको उत्पत्ति *सामवेद*बाट भएको जनश्रुति छ। 'छन्दः पादौ तु वेदस्य' भनेर छन्दको चिनारी दिइएकाले पनि यी दुवैको उदगमस्थल एउटै वेद हो भन्ने स्पष्ट हुन्छ (पौडेल, २०७०, पृ. १०)। छन्दशास्त्रलाई इतिहासमा जतिसुकै पुरानो मानिए पनि यसको व्यावहारिक प्रयोगलाई सरलीकृत गरिएको छ। मौखिक तथा कर्णपरम्परामा जीवित छन्दसूत्रहरूलाई एकै ठाउँमा सङ्गठित गर्ने कार्यमा आचार्य पिङ्गलको महत्त्वपूर्ण भूमिका रहेको छ। वैदिक तथा लौकिक वाङ्मयमा छन्दले विशिष्ट स्थान प्राप्त गरिसकेपछि आएको *छन्दसूत्र* आचार्य पिङ्गलको महत्त्वपूर्ण कृति हो। छन्दका विविध भेदहरूका लक्षणसूत्रहरू प्रस्तुत भएको यस कृतिका अनेक व्याख्याग्रन्थहरू प्रकाशित छन्। चरण/पाउ, वर्ण, मात्रा, वर्णसङ्ख्या र तिनको क्रम, गण, गति, यति, तुक, पङ्क्तिपुञ्ज, चिह्नप्रयोगजस्ता तत्त्व छन्दका अनिवार्य अङ्ग हुन् (पण्डित, २०३५,

पृ. १-१५) । यिनै तत्त्वहरूको उपयुक्त प्रयोगका कारण काव्य वा कविता साहित्यका अन्य विधाबाट छुट्टिन्छ । काव्यकारले छन्दविधानको कुशलताबाट आफ्ना काव्यात्मक रचनामा गत्यात्मकता मात्र होइन पठनीयता, श्रवणीयता र सम्प्रेषणीयता सृजना गर्छ (अधिकारी, २०३१, पृ. १२२) । यही *छन्दसूत्र*को व्याख्याग्रन्थका रूपमा रहेको गङ्गादास पण्डितद्वारा विरचित *छन्दोमञ्जरी* नामक लक्षणकृतिलाई आधार मानी *परमानन्द* महाकाव्यमा प्रयुक्त छन्दविधानको विश्लेषणमा केन्द्रित यस शोधलेखमा गणसङ्केत, गति, यतिजस्ता छन्दका अङ्गभूत पक्षको परीक्षण गर्दै विश्लेषणका उपक्रममा प्राप्त छन्ददोषका सन्दर्भहरू पनि प्रस्ट्याइएको छ ।

**६. *परमानन्द* महाकाव्यको सन्दर्भ**

कवि हिरालाल कँडेलद्वारा विरचित *परमानन्द* चरित्रप्रधान महाकाव्य हो । २०७९ सालमा प्रकाशित यस महाकाव्यमा बागलुङ, बिहुँकोट निवासी कँडेलवंशीय ब्राह्मणपरिवारमा १९९४ सालमा जन्मिएर सानै उमेरबाट वैराग्यमार्ग र ईश्वरीय चिन्तनमा आकृष्ट परमानन्द गुरुको जीवनचरित्रलाई स्पष्ट पारिएको छ । मझौला आकारमा सङ्गठित यस महाकाव्यमा छुट्टाछुट्टै शीर्षकका सत्ताइस सर्ग र ती सर्गमध्ये पहिलो सर्गमा ३२, दोस्रो सर्गमा २१, तेस्रो सर्गमा ३१, चौथो सर्गमा ३२, पाँचौ ँ सर्गमा २१, छैठौँ सर्गमा २९, सातौँ सर्गमा २२, आठौँ सर्गमा २४, नवौँ सर्गमा ३७, दसौँ सर्गमा ५३, एघारौँ सर्गमा ४३, बाह्रौँ सर्गमा ४९, तेह्रौँ सर्गमा २६, चौधौँ सर्गमा ५०, पन्ध्रौँ सर्गमा ६०, सोह्रौँ सर्गमा ९४, सत्रौँ सर्गमा २५, अठारौँ सर्गमा ४८, उन्नाइसौँ सर्गमा ५४, बिसौँ सर्गमा ७९, एक्काइसौँ सर्गमा ४८, बाइसौँ सर्गमा ४५, तेइसौँ सर्गमा ६२, चौबिसौँ सर्गमा २९, पच्चिसौँ सर्गमा २८, छब्बिसौँ सर्गमा १२० र सत्ताइसौँ सर्गमा ९२ गरी एक हजार दुई सय चौवन्न श्लोकसङ्ख्या रहे का छन् । यस महाकाव्यमा विषयभावअनुकूल छन्दप्रयोग भएको पाइन्छ । वृत्तवर्गअन्तर्गतका वार्णिक छन्दहरू नै यसमा प्रयो ग भएका छन् ।

वैदिक सनातन संस्कार, आचरण र चिन्तनमा देखापरेका विकृति, विसङ्गति र हिंसात्मक व्यवहारमा परिष्कार तथा क्षयोन्मुख तत्कालीन नेपाली समाजको पुनर्जागरणका लागि आजीवन चिन्तनशील र कर्मठ गुरुका लगभग उनन्साठी वर्षीय ओजपूर्ण तथा त्यागमय जीवनका वैभवपूर्ण कार्यसम्पादनलाई क्रमिक शृङ्खलामा यथाक्रम अभिव्यक्ति दिइएको यस महाकाव्यमा कविले गुरुवैभवका कारण जनसहभागितामा असाध्य एवम् अविश्वसनीय लाग्ने जनसेवा पनि सहजै सम्पन्न भएको अनुभूत सत्य, गुरुको कीर्तिशौर्य र उच्च सेवाभावको मनोवृत्तिलाई स्पष्ट पारेका छन् । प्रथम सर्गमा देवीदेवताको स्तुतिआराधना र अन्तिम सर्गमा गुरुको शिवत्वप्राप्तिको सन्दर्भलाई स्थान दिइएको यस महाकाव्यका चरित्रनायक परमानन्द गुरुलाई धीरोदात्त गुणसम्पन्न व्यक्तिचरित्रका रूपमा उभ्याइएको छ । सघन भक्तिभावमा विश्वस्त, त्यागी र निरहङ्कारी व्यवहारका अनुयायी, तपोमय जीवन बाँचेका र धार्मिक अभ्युत्थानलाई अर्जुनदृष्टि बनाएका गुरुवरको चरित्रवर्णनबाट काव्यमा शान्तरस मुखरित भएको छ । स्थानीय प्रकृतिचित्रण, गाउँबस्तीको सादगीपन, सामाजिक चालचलन, शिक्षाको अभाव, स्थानीयताजस्ता पक्षलाई महत्त्व दिइएको यस महाकाव्यको भाषाप्रयोगमा पर्वती भाषिका हाबी भएको छ । विभिन्न अलङ्कार, बिम्ब-प्रतीक, उखान-तुक्का र सूक्तिहरूको उचित प्रयोग भएको यस महाकाव्यमा वैयक्तिकतालाई दृश्यचित्रात्मक तुल्याएर अभिव्यक्ति दिइएको छ र भावाभिव्यक्तिलाई सम्प्रेषणीय बनाउन शास्त्रीय छन्दको प्रयोग भएको छ ।

**७. *परमानन्द* महाकाव्यमा छन्दप्रयोग**

कवि हिरालाल कँडेलद्वारा रचित *परमानन्द* महाकाव्यमा चौधवटा विभिन्न शास्त्रीय छन्द प्रयोग भएका छन् । महाकाव्यीय कथावस्तुगत बृहत् आयामलाई सुसङ्गठित पार्न कविले पद्यको एक पाउमा एघारदेखि उन्नाइस अक्षरसम्म प्रयोग गरिने लामाछोटा छन्दलाई यस काव्यमा उपयोग गरेका छन् । यस काव्यमा सर्वाधिक ८९६ पदहरू अनुष्टुप् छन्दमा रचिएका छन् । शार्दूलविक्रीडित छन्दका २४५ पद्यहरू प्रयोग भएको यस काव्यमा उपजाति छन्दका ६१ पद्यहरू समावेश भएका छन् । त्यसै गरी मालिनी छन्दका ११ पद्य, शिखरिणी एवम् मन्दाक्रान्ता छन्दका ८-८ पद्य, भुजङ्गप्रयात तथा शालिनी छन्दका ५-५ पद्य, सन्तोषी, स्रग्विणी एवम् विपिनतिलका छन्दका ३-३ पद्य, निशिपाल, पृथ्वी र पञ्चचामर छन्दका २-२ पद्यहरू यस काव्यका शोभा बनेका छन् । काव्यमा प्रयोगगत प्राथमिकतामा रहेको अनुष्टुप् छन्द चौथो र आठौँ सर्गबाहेक अरू पच्चिस सर्गमा प्रयोग भएको छ । प्रयोगका दृष्टिकोणबाट दोस्रो श्रेणीमा रहेको शार्दूलविक्रीडित छन्दलाई पाँचौँ, नवौँ, चौधौँ, बिसौँ, बाइसौ ँ, तेइसौँ, छब्बिसौँ र सत्ताइसौँ सर्गमा प्रयोगमा ल्याइएको छैन । एक ठाउँमा मात्र प्रयुक्त छन्दहरूको सङ्ख्या दश रहेको यस काव्यमा मालिनी छन्द चौथो, पाँचौँ, छैठौँ, आठौँ र चौबिसौँ सर्गमा प्रयुक्त छ । सर्गान्तमा छन्दपरिवर्तनका लागि उपयोग गरि

एको उपजाति छन्द चौथो, पाँचौँ, छैठौँ, आठौँ र चौबिसौँ सर्गमा प्रयोग भएको छैन । छन्दसङ्ख्या बढी देखाउने अन्तर्बोधबाट कविचेतना मुक्त भइनसकेको अनुभूति दिने यस महाकाव्यमा सर्गान्तमा छन्दपरिवर्तनका लागि उपजाति र मालिनी छन्दलाई आलोपालो उपयोग गरिएको छ । पन्ध्रवटा सर्गमा तीनवटा मात्र छन्दका पद्यहरू समाविष्ट यस महाकाव्यमा सातवटा सर्गका पद्यहरू दुईवटा छन्दमा आबद्ध देखिन्छन् । पाँचवटा सर्गमा चारवटा छन्दलाई उपयोगमा ल्याइएको यस काव्यमा छन्दप्रयोगको समग्रतालाई स्पष्ट पार्न प्रत्येक छन्दका एक-एकवटा प्रतिनिधि पद्य उद्धृत गरी परीक्षण-विश्लेषण गर्नु सान्दर्भिक हुन्छ । अक्षरसङ्ख्या, वर्णानुक्रम र छन्दप्रयोगको स्थानक्रमलाई मुख्य आधार बनाएर कुनै पनि कृतिमा प्रयुक्त छन्दहरूको विश्लेषणक्रम निर्धारण गर्ने आम प्रचलन छ । *परमानन्द* महाकाव्यमा प्रयुक्त छन्दहरूको अध्ययन-विश्लेषणमा केन्द्रित यस शोधलेखमा छन्दनामको वर्णानुक्रमअनुसार अनुष्टुप्, उपजाति, निशिपाल, पञ्चचामर, पृथ्वी, भुजङ्गप्रयात, मन्दाक्रान्ता, मालिनी, विपिनतिलका, शार्दूलविक्रीडित, शालिनी, शिखरिणी, सन्तोषी र स्रग्विणी छन्दको क्रम निर्धारण गरी त्यसैअनुसार अध्ययन-विश्लेषण गरिएको छ ।

**७.१ अनुष्टुप् छन्द**

एक पाउमा आठ अक्षर र प्रत्येक चार अक्षरमा विश्राम हुने यस छन्दमा चार पाउ हुन्छन् । ह्रस्व-दीर्घ अक्षरको प्रधानता रहने यस छन्दमा सबै पाउको पाँचौँ अक्षर ह्रस्व र छैठौँ अक्षर दीर्घ हुनुपर्छ । विषम पाउको सातौँ अक्षर दीर्घ हुने यस छन्दमा सम पाउको सातौँ अक्षर ह्रस्व हुन्छ (पण्डित, २०३५, पृ. १३९) । प्रत्येक पाउको चौथो अक्षरभन्दा पछाडि प्रयोग हुने वर्णका आधारमा अनन्त भेद हुनु यस छन्दको वैशिष्ट्य हो । महाकाव्यकार कँडेलद्वारा रचित यस महाकाव्यका अधिकांश पद्यमा पथ्या अनुष्टुप् छन्दको प्रयोग भएको देखिन्छ । जुनसुकै रस, भाव र अलङ्कारका लागि अनुकूल मानिएको यस छन्दलाई कविताका सबै उपविधामा प्रयोग गरिएको छ (नेपाल, २०६८, पृ. २०) । उदाहरणका लागि *परमानन्द* महाकाव्यको चौधौँ सर्गको छयालिसौँ पद्यलाई साभार गरिएको छ :

*आँखाका पुतली जस्तै, अलि प्यारा हुँदै गए ।*
*व्यवहार तथा ज्ञान, सबैमा पूर्ण नै भए ।। (कँडेल, पृ. ६९)*

यस पद्यको पहिलो पाउमा सहज किसिमको विश्रामव्यवस्था हुन नसकेको भए पनि छन्दविधानका लागि अतिरिक्त परिश्रम गरेर यहाँ अक्षरलाई ह्रस्व-दीर्घ बनाइएको छैन, शास्त्रीय मान्यता यथोचितरूपमा पालन भएको छ । चार अक्षरपछाडि बिजोर पाउमा यगण र जोर पाउमा जगण प्रयोग भएको यस पद्यमा पथ्या अनुष्टुप् छन्दको प्रयोग देखिन्छ ।

**७.२ उपजाति छन्द**

पद्यका जुनसुकै र जतिसुकै पाउमा इन्द्रवज्रा छन्दका तगण (ऽऽ।), तगण (ऽऽ।), जगण (।ऽ।) र अन्त्यका दुई अक्षर दीर्घ (ऽऽ) र उपेन्द्रवज्रा छन्दका जगण (।ऽ।), तगण (ऽऽ।), जगण (।ऽ।) र अन्त्यमा दुई अक्षर दीर्घ (ऽऽ) हुने छन्दविशेषलाई उपजाति भनिन्छ (पण्डित, २०३२, पृ. ३५-३६) । सामान्य तथा उपेन्द्रवज्रा र इन्द्रवज्रा छन्दलाई एक पद्यमा मिलाउँदा उपजाति छन्दको स्वरूप तयार हुन्छ । *परमानन्द* महाकाव्यको तृतीय सर्गीय एकतिसौँ पद्यलाई परीक्षण गरी हेरौँ :

*बालेर बत्ती निजचेतनाका*
*प्रकाश छर्ने शुभ भावनाका ।*
*सुकृत्य गर्दै वय त्यो बिलाए*
*अध्यात्मको दीपक यो जलाए ।।* (कँडेल, पृ. १५)

माथि उद्धृत पद्यमा प्रयुक्त सबै पदमा ३-३ अक्षर नभएकाले गणसूत्रलाई मिलाएर हेर्नुपर्ने परिस्थिति बनेको छ तापनि त्यसले छन्दविधानको शास्त्रीय मान्यतामा कुनै बाधा पुऱ्याएको छैन । यस पद्यमा द्वितीय एवम् तृतीय पाउमा इन्द्रवज्रा तथा प्रथम र चतुर्थ पाउमा उपेन्द्रवज्रा छन्दका लक्षणहरू परिघटित भएका छन् । छन्दमिलानका लागि कुनै अक्षरलाई ह्रस्व वा दीर्घ बनाउन नपरेको यस पद्यमा अक्षर र विश्राममा समानता रहेको पाइन्छ ।

**७.३ निशिपाल छन्द**

पद्यका प्रत्येक पाउमा पन्ध्र अक्षर हुने यस छन्दमा क्रमशः भगण (ऽ।।), जगण (।ऽ।), सगण (।।ऽ), नगण (।।।) र रगण (ऽ।ऽ) प्रयोग हुन्छन् । यस छन्दको पाँचौँ अक्षरमा विश्राम हुन्छ (नेपाल, २०६८, पृ. ६८) । *परमानन्द* महाकाव्यको सातौँ सर्गमा आएको तलको पद्यलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

*कोमल थियो, कमलझैँ वदन दिव्य त्यो*
*सुन्दर थियो, मदनको सममुहार त्यो ।*
*दिव्य शिशु ती, अति खुसी सरल शान्त छन्*
*मस्तसित नै, दुध चुसी सहज सुत्दछन् ॥* (कँडेल, पृ. २१)

यस पद्यमा पनि सरल-स्वाभाविक छन्दप्रयोग भएको छ। यसमा प्रयुक्त पदहरू ३-३ अक्षरका नभए पनि गणसूत्रको प्रयोगमा व्यतिरेक भएको छैन र छन्दविधानका लागि अतिरिक्त मेहनत गर्नुपरेको देखिँदैन। यथास्थान विश्रामसङ्केत दिइएको छ।

**७.४ पञ्चचामर छन्द**

पद्यका चारै पाउमा जगण (।ऽ।), रगण (ऽ।ऽ), जगण (।ऽ।), रगण (ऽ।ऽ), जगण (।ऽ।) क्रमशः आएर अन्त्य अक्षर दीर्घ (ऽ) हुँदा पञ्चचामर छन्दको उपस्थिति हुन्छ। सोह्र अक्षर रहने यस छन्दमा आठौँ अक्षरमा विश्राम हुन्छ (पण्डित, २०३५, पृ. ५६)। *परमानन्द* महाकाव्यको दोस्रो सर्गको पहिलो पद्यलाई उदाहरण बनाइएको छ :

*छरी प्रकाश वेदको, स्वकर्म गर्छ जो यहाँ*
*पढेर वेद धर्मले, मिलेर बस्छ जो यहाँ ।*
*नुहेर हिँड्छ जो गुणी, अथाह ज्ञानमा डुबी*
*सदैव हाँस्न सक्छ जो, स्वधर्म मर्म नै बुझी ॥* (कँडेल, पृ. ६)

माथि दिइएको पद्यमा प्रयुक्त सबै पदहरू ३-३ अक्षरढाँचाका नभए पनि गणविधान खजमजिएको छैन। छन्दविधानका लागि ह्रस्व-दीर्घको तानाबाना बुन्नुपरेको छैन, स्वाभाविकरूपमा छन्दव्यवस्थापन भएको छ।

**७.५ पृथ्वी छन्द**

पद्यको प्रत्येक पाउमा जगण (।ऽ।), सगण (।।ऽ), जगण (।ऽ।), सगण (।।ऽ), यगण (।ऽऽ) प्रयोग भई अन्त्यमा ह्रस्व र दीर्घ अक्षर (।ऽ) आउने छन्दलाई पृथ्वी भनिन्छ। सत्र अक्षरको एउटा पाउ हुने यस छन्दमा आठौँ अक्षरमा विश्राम हुन्छ (नेपाल, २०६८, पृ. ७४)। *परमानन्द* महाकाव्यको तेस्रो सर्गको दोस्रो पद्यलाई यहाँ उदाहरण बनाइएको छ :

*छ वैदिक परम्परा, जगतकै पुरानो यहाँ*
*सबै किसिमका विविधता सँगै छन् जहाँ ।*
*अनेक परिवारका, मनुजको छ आस्था यहाँ*
*असाध्य गुनिला यहाँ, गहकिला कुरा छन् जहाँ ॥* (कँडेल, पृ. ६०)

माथि उद्धृत पद्यमा प्रयुक्त सबै पदहरू ३-३ अक्षर ढाँचाका नभएकाले अक्षरलाई तानतुन पारेर गणसूत्रको उपयोगलाई हेर्नुपर्छ। शब्दको नैसर्गिक गुणलाई यथावत् प्रयोग गरी छन्दविधान गरिएको यस पद्यमा विश्रामसङ्केत पनि यथास्थान भएको छ।

**७.६ भुजङ्गप्रयात छन्द**

भुजङ्गप्रयातं चतुर्भिर्यकारैः भन्दै यस छन्दको लक्षण गरिएको छ अर्थात् पद्यका प्रत्येक पाउमा चारवटा यगण (।ऽऽ) हुनु नै यसको चिनारी हो (पण्डित, २०३५, पृ. ४८)। १२ अक्षरको एक पाउ हुने यसमा प्रत्येक छैठौँ अक्षरमा विश्राम हुन्छ। *परमानन्द* महाकाव्यको एक्काइस सर्गको तेस्रो पद्यलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

*फुटाहा-लुटाहा, चुसाहा र जाली*
*सबै झेल गर्छन्, बजाएर ताली ।*
*न आफ्ना न अर्का, न काका न मामा*
*मिलाएर मौका, समात्छन् गलामा ॥* (कँडेल, पृ. १३३)

माथि उद्धृत गद्यमा गणसूत्रलाई भिडाएर नै हेर्नुपर्ने परिस्थिति विद्यमान भए पनि शास्त्रीय मान्यता खलबलिएको छैन। विश्रामसङ्केत पनि यथास्थान गरिएकाले उच्चारणका लागि सहज भएको छ। नेपाली समाजमा 'फटाहा' शब्द रूढ भइसकेको परिप्रेक्ष्यमा यस पद्यमा प्रयुक्त 'फुटाहा' पद नौलो लागे पनि शब्दव्युत्पादनका आधारमा अनुचित छैन।

**७.७ मन्दाक्रान्ता छन्द**

पद्यको एक पाउमा मगण (ऽऽऽ), भगण (ऽ।।), नगण (।।।), दुईवटा तगण (ऽऽ।) क्रमशः आई अन्त्यका दुई अक्षर दीर्घ (ऽऽ) हुनु मन्दाक्रान्ता छन्दको परिचय हो (पण्डित, २०३५, पृ. ८७)। चौथो, दशौँ र सत्रौँ अक्षरमा विश्राम हुने यस छन्दका चारै

पाउ समान हुन्छन् । यो छन्द समवृत्तको कोटिमा आउँछ । *परमानन्द* महाकाव्यको चतुर्थसर्गीय सत्रौँ पद्यलाई यहाँ उदाहरण बनाइएको छ :

*भुल्केका सूर्य किरणहरू, छन् यी सबै सुनौला*
*छन् डाले घाँस अति रसिला, बोट नौला न नौला ।*
*सोझा मान्छे मिलिकन यहाँ, छन् बसेका सधैँ नै*
*मान्छे-मान्छे बिच छ गहिरो, मेल राम्रो असाध्यै ।।* (कँडेल, पृ. १९)

माथि उद्धृत पद्यमा प्रयुक्त पदहरूमा ३-३ अक्षर नमिलेकाले गणसूत्र मिलाएर परीक्षण गर्नुपर्ने स्थिति छ । स्वाभाविकरूपमा छन्दविधान भएको यस पद्यमा प्रयुक्त 'मिलिकन' शब्द/पद मध्यकालीन नेपाली भाषाको अवशेषका रूपमा देखापरेको छ ।

**७.८ मालिनी छन्द**

पद्यको एक पाउमा दुईवटा नगण (।।।), एउटा मगण (ऽऽऽ) र दुईवटा यगण (।ऽऽ) क्रमिकरूपले प्रयोग गर्दा मालिनी छन्द बन्छ । पन्ध्र अक्षरको यस छन्दमा आठौँ अक्षरपछि विश्राम रहन्छ । *परमानन्द* महाकाव्यको पाँचौँ सर्गको उन्नाइसौँ पद्यलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

*अविरल मनमा छन्, भावनाका तरङ्ग*
*अगणित उठिराख्छन्, धेर आस्था उमङ्ग ।*
*अभिनव सपना छन्, चित्त भित्रै हजारौँ*
*कति मिथक हुन्छन्, पूर्ण हुन्छन् हजारौँ ।।* (कँडेल, पृ. २५)

यस पद्यका प्रथम तीन पाउहरू शास्त्रीय मान्यताअनुरूप देखापर्छन्, यिनमा गणसूत्रलाई सहजै मिलान गरिएको छ र यी दोषमुक्त देखापर्छन् तर अन्तिम पाउमा अक्षरसङ्ख्या पनि चौध मात्र छ, गणसूत्र पनि मिलेको छैन र अर्कातिर गतिभङ्ग दोष रहेको यस पद्यमा छन्दोभङ्ग दोष पनि देखापरेको छ ।

**७.९ विपिनतिलका छन्द**

पद्यका प्रत्येक पाउमा पन्ध्र अक्षरको व्यवस्था हुनुपर्ने यस छन्दका लागि क्रमशः नगण (।।।), सगण (।।ऽ), नगण (।।।) र दुईवटा रगण (ऽ।ऽ) आवश्यक हुन्छन् । यस छन्दमा छैठौं अक्षरमा विश्राम हुन्छ (पण्डित, २०३५, पृ. ७३) । *परमानन्द* महाकाव्यमा पाँचौँ सर्गको यस पद्यलाई उदाहरण बनाइएको छ :

*शुभशुभ भयो, हृदय प्रेमको गीतले*
*गदगद थियो, हृदय कृष्णको प्रीतले ।*
*ढकढक घुले, सुरभि मौसमी बागमा*
*असल सपना, सहज देखियो रातमा ।।* (कँडेल, पृ. २३)

यस पद्यमा प्रायः ३-३ अक्षरढाँचा पदहरूको प्रयोग भएका कारण छन्दविधानमा सुगमता रहेको अनुभूति हुन्छ । छन्दमिलानका अतिरिक्त मेहनत नपरेको यस पद्यमा यथास्थान विश्रामसङ्केतको पनि प्रयोग भएको छ ।

**७.१० शार्दूलविक्रीडित छन्द**

प्रत्येक पाउमा उन्नाइस अक्षर रहने शास्त्रीय छन्दको नाम शार्दूलविक्रीडित हो । चार पाउमा पूर्णता पाउने यस छन्दमा मगण (ऽऽऽ), सगण (।।ऽ), जगण (।ऽ।), सगण (।।ऽ), दुईवटा तगण (ऽऽ।) र अन्त्याक्षर दीर्घ (ऽ) हुनुपर्छ । बाह्र र सात अक्षरमा विश्राम हुने यस छन्दलाई नेपाली काव्यजगत्मा लोक छन्दसरह प्रयोग गरिएको छ (नेपाल, २०६८, पृ. ८६) । *परमानन्द* महाकाव्यको प्रथमसर्गीय पन्ध्रौँ पद्यलाई साभार गरिएको छ :

*अर्काको हितमा समर्पण गरे, सम्पूर्ण आफ्नो जुनी*
*तारा हैन नवीन चन्द्र नभका, सद्ज्ञानदाता उनी ।*
*गर्दै नित्य परोपकार दिलले, त्यागे पुरा जिन्दगी ।*
*त्यस्तै शीतल चित्त थियो नि गुरुको, जस्ती थिइन् गण्डकी ।।* (कँडेल, पृ. ३)

यस पद्यका अघिल्ला तीन पाउहरू शास्त्रीय विधानअनुसार नै सङ्गृहीत भएका देखिए पनि चौथो पाउ छन्दोभङ्ग भएको छ र दोषयुक्त छ । एकातिर यसमा तेह्रौँ अक्षरमा यतिसङ्केत गरिएकाले विश्रामभङ्ग दोष प्रत्यक्ष भएको छ र अर्कातिर

गणव्यवस्थाअनुसार अन्यथा भएकाले छन्दकै स्वरूपमा आघात पुगेको छ। त्यसैगरी अक्षरसङ्ख्या पनि विधानभन्दा बढी अर्थात् बिस भएकाले यसमा गतिव्यवस्था पनि प्रभावित बनेको छ। 'थियो' पदलाई 'थ्यो' तुल्याउँदा सबै पक्षहरू नियमानुकूल बन्ने यस पद्यमा कविले ध्यान पुऱ्याउन नसकेको अनुभव हुन्छ।

**७.११ शालिनी छन्द**

प्रत्येक पाउमा मगण (ऽऽऽ), दुईवटा तगण (ऽऽ।) क्रमशः प्रयोग भई अन्त्यमा दुई अक्षर दीर्घ (ऽऽ) हुने छन्द नै शालिनी हो। प्रत्येक पाउ एघार अक्षरको हुने यस छन्दमा चौथो अक्षरपछि विश्राम हुन्छ (नेपाल, २०६८, पृ. ३५)। *परमानन्द* महाकाव्यको आठौँ सर्गको दोस्रो पद्यलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

*त्याग्दै-त्याग्दै, मोह अज्ञानलाई*
*हाँस्दै-हाँस्दै, मूल बाटो समाई।*
*क्या राम्रा छन्, सोच बालादिनैमा*
*छन् स्वप्ना राम्रा सदा त्यो मनैमा ॥* (कँडेल, पृ. २५)

उद्धृत यस पद्यमा लक्षणसूत्र पूर्णरूपमा परिघटित भएको छ। छन्दविधानका लागि अक्षरको निजी स्वरूपलाई व्यतिरेक गरिएको छैन। 'अज्ञान' पदको आद्यक्षर झट्ट हेर्दा ह्रस्व देखिए पनि संयुक्त अक्षरभन्दा अगाडिको अक्षर स्वतः दीर्घ हुने छन्दशास्त्रीय मान्यताअनुसार नै प्रयोग भएको छ।

**७.१२ शिखरिणी छन्द**

प्रत्येक पाउमा जम्मा १७ अक्षर हुने शास्त्रीय छन्द शिखरिणी हो। यस छन्दमा यगण (।ऽऽ), मगण (ऽऽऽ), नगण (।।।), सगण (।।ऽ), भगण (ऽ।।) र अन्तिमका दुई अक्षरहरू क्रमशः ह्रस्व एवम् दीर्घ (।ऽ) हुनुपर्छ। प्रत्येक पाउको छैठौँ अक्षरमा विश्राम हुने यो छन्द करुणरसका लागि उपयोगी मानिन्छ (पण्डित, २०६५ पृ. ८४)। यसलाई समवृत्त कोटिको छन्द मानिन्छ। *परमानन्द* महाकाव्यको सत्ताइसौँ सर्गको आठौँ पद्यलाई उदाहरणका रूपमा अगाडि सारिएको छ :

*छ यो छोटो चोला, यस अवनिमा बाँच्नु छ कति ?*
*कसैले बुझ्दैनन्, सहजसित यो जीवन गति।*
*विचित्रैको माया, शुभहृदयले गर्छ गुरुमा*
*सधैँ श्रद्धा जागोस्, अपर-परमानन्द गुरुमा ॥* (कँडेल, पृ. १९२)

माथि उद्धृत पद्यका चारै पाउमा शिखरिणी छन्दका सबै लक्षणहरू परिघटित छन्। विश्रामसङ्केत पनि भएको यस पद्यमा प्रयुक्त 'अवनि' शब्द स्त्रीलिङ्गवाचक भए पनि संस्कृत शब्दव्युत्पत्तिअनुसार यसलाई ह्रस्व-दीर्घ दुवै रूपमा प्रयोग गर्न सकिन्छ। यसमा ३-३ अक्षर भएका पदहरू नभएकाले गणसूत्र भिडाएर हेर्नुपर्ने झन्झट छ तापनि यसले लक्षणसूत्रलाई व्यतिरेक गरेको छैन।

**७.१३ सन्तोषी छन्द**

यो छन्द चार पाउमा सङ्गठित हुन्छ। प्रत्येक पाउमा मगण (ऽऽऽ), भगण (ऽ।।), नगण (।।।), रगण (ऽ।ऽ), सगण (।।ऽ) क्रमशः आई अन्त्यमा दीर्घ (ऽ) अक्षर हुने छन्द नै सन्तोषी हो। सोह्र अक्षरको एउटा पाउ हुने यस छन्दमा चौथो र दसौँ अक्षरमा विश्राम हुन्छ। *परमानन्द* महाकाव्यको छैठौँ सर्गको दोस्रो पद्यलाई उदाहरण बनाइएको छ :

*मीठा-मीठा सरगम सरी, चरा, भँमरा या*
*झ्याउँकीरी मधुर धुनमा, यहाँ शुभगाथा।*
*आफ्ना-आफ्ना मधुर धुनमा, सबै ऋतुमा नै*
*प्यारो सङ्गीत सुरसम गाउँछन् वसुधामै ॥* (कँडेल, पृ. २६)

माथि उद्धृत पद्यमा प्रयुक्त केही पद ३-३ अक्षर सङ्ख्यामा आबद्ध नरहेकाले गणसूत्र परिगणनामा अन्यत्रजस्तै समस्या बेहोर्नुपर्छ। यथास्थान विश्रामस्थल सङ्केत गरिएकाले पद्योच्चारणमा सहजता आएको छ। महाकाव्यकार आफैँले सिद्धान्त निर्माण गरेको यस छन्दको प्रयोगसिद्धि पनि यस महाकाव्यमा गरिएको देखिन्छ।

**७.१४ स्रग्विणी छन्द**

पद्यका प्रत्येक पाउमा चारवटा रगण (ऽ।ऽ) प्रयोग गरिँदा स्रग्विणी छन्द हुन्छ। बाह्र अक्षरको एउटा पाउ हुने यस छन्दमा तेस्रो र छैठौँ अक्षरमा विश्राम हुन्छ (पण्डित, २०३५, पृ. ४९) । *परमानन्द* महाकाव्यको चौथो सर्गको तृतीय पद्यलाई उदाहरण बनाइएको छ :

*ईशको ईशता, भक्तले मान्दछन्*
*भक्तको भव्यता, देवता जान्दछन् ।*
*साधुको साधुता साधुले चिन्दछन्*
*सिद्ध साधु सबै, सत्यमा हिँड्दछन् ॥* (कँडेल, पृ. १६)

उद्धृत पद्यमा प्रयुक्त सबै पदहरू ३-३ अक्षरका भएका कारण गणपरिचयमा कठिनाइ बेहोर्नुपर्दैन । विश्रामसङ्केत यथास्थान प्रयोग भएको यस पद्यमा काव्यनायक परमानन्द गुरुको जन्मप्रसङ्गको वर्णन गरिएको छ।

**८. निष्कर्ष**

कवि हिरालाल कँडेलद्वारा रचित *परमानन्द* महाकाव्य मूलतः पूर्वीय छन्दविधानका शास्त्रीय मान्यतामा आधारित छ। लामो समयदेखि नेपाली भक्तिसङ्गीतमा साधनारत कविले यस महाकाव्यमा नेपाली सन्तसमाजका अग्रणी व्यक्तित्व परमानन्द गुरुको जीवनचरित्रलाई काव्यात्मक अभिव्यक्ति दिएका छन् । चौधवटा विभिन्न छन्दहरू प्रयोग भएको महाकाव्यात्मक यस कृतिमा १२५४ पद्यहरू रहेको भए पनि तिनमा छन्दको समानुपातिक उपस्थिति हुन सकेको छैन । गणसूत्रको प्रयोग, यति/विश्राम, गति, लय, अक्षरको ह्रस्व-दीर्घस्वरूपजस्ता पक्षलाई आधार बनाएर यस महाकाव्यका सबैजसो पद्यपङ्क्तिका प्रतिनिधिमूलक केही पङ्क्ति उद्धृत गरी विश्लेषणपरीक्षण गर्दा केही पद्यहरूमा अक्षरसङ्ख्या अपुग वा बढी भई छन्दभङ्ग दोष देखिएको छ । महाकाव्यजस्तो विशाल रचनामा कवि छन्दप्रयोगमा सदैव सचेत र चनाखो हुनुपर्छ तर छन्दपरिष्कारमा ध्यान नदिँदा यस महाकाव्यका केही पद्यहरूमा सामान्यभन्दा पनि सामान्य छन्ददोष असरका रूपमा रहेको पाइन्छ। समग्रमा शब्दलाई टुक्र्याइएको, अजन्त शब्दलाई हलन्त र हलन्त शब्दलाई अजन्त बनाइएको, शब्दको नैसर्गिक स्वरूपलाई फेरबदल गरी छन्दमिलानमा अतिरिक्त श्रम खर्चिएको र छन्दप्रयोगमा अव्यवस्था रहेको देखिँदैन जसबाट स्पष्ट, सहज, स्वाभाविक र नियमबद्ध छन्दप्रयोगमा कविले विश्वास राखेको मान्न सकिन्छ। महाकाव्यीय कथावस्तुमा अभिव्यक्त विविध भावलाई उपयुक्त छन्दप्रयोगद्वारा प्रबन्धन गरिएको यस महाकाव्यमा अनुष्टुप्, शार्दूलविक्रीडित र उपजाति छन्द मात्र प्राथमिकतामा परेका छन् र त्यसमा पनि ८९६ पद्य अनुष्टुप् छन्दकै रहेकाले यस महाकाव्यलाई अनुष्टुप् छन्दकेन्द्री रचना मान्दा अत्युक्ति हुँदैन। मालिनी, शिखरिणी, मन्दाक्रान्ता, शालिनी, भुजङ्गप्रयात, सन्तोषी, स्रग्विणी, पृथ्वी, पञ्चचामर, निशिपाल र विपिनतिलकाजस्ता बहुसङ्ख्यक छन्दका पद्य महाकाव्यमा नगण्य सङ्ख्यामा रहेकाले छन्दसङ्ख्या अधिक बनाउने नियतबाट तिनको प्रयोग भएको अनुभव हुन्छ। अनुष्टुप् छन्दबाट प्रारम्भ भएको यस महाकाव्यको अन्त्य उपजाति छन्दप्रयोगबाट भएको छ । सर्गान्तमा छन्दपरिवर्तनका लागि चौथो, पाँचौँ, छैठौँ, आठौँ र चौबिसौँ सर्गमा मालिनी तथा बाँकी सबै सर्गमा उपजाति छन्दको प्रयोग गरिएको यस महाकाव्यमा विभिन्न छन्दप्रयोगबाट सर्गप्रारम्भ भएको छ र त्यसका लागि दशवटा छन्द प्रयुक्त छन्। परमानन्द गुरुका मुख्य चारित्रिक सन्दर्भ र पाटाहरूलाई सशक्त तुल्याउन यथास्थान उपयुक्त छन्दछनोट गरिएको यस महाकाव्यलाई छन्दप्रयोगका पक्षबाट मध्यमश्रेणीको सफल रचना मान्न सकिन्छ।

**सन्दर्भिका**


अधिकारी, हेमाङ्गराज (२०३१). *पूर्वीय समालोचना सिद्धान्त*. ललितपुर : साझा प्रकाशन।

कँडेल, हिरालाल (२०७९). *परमानन्द*. चितवन : श्रीपरमानन्द संस्कृत छात्र परिषद् ।

चापागाइँ, नगेन्द्र, सुवेदी, दधिराज (२०५२). *काव्य समालोचना*. विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान।

नेपाल, देवी (२०६८). *छन्दपराग*. द्वितीय संस्करण, काठमाडौँ : भुँडीपुराण प्रकाशन।

पण्डित, गङ्गादास (२०३५). *छन्दोमञ्जरी*. व्याख्याकार. ब्रह्मानन्द त्रिपाठी. वाराणसी : चौखम्भा सुरभारती प्रकाशन।

पौडेल, कुलचन्द्र (२०७०). 'आदर्शराघव महाकाव्यमा छन्दविधान'. अप्रकाशित शोधपत्र. काठमाडौँ : त्रिवि. नेपाली केन्द्रीय विभाग।